# न्यूजप्रवाह साप्ताहिक
Newsprabah weekly

स्थानीय 'ग' वर्गमा वर्गीकृत

❖ वर्ष ५ ❖ अंक ३५ ❖ २०८२ चैत १८ गते बुधबार ❖ Wednesday, 1 April, 2026 ❖ मूल्य रु. १०।- ❖ पृष्ठ ६ ❖ (Website : www.newsprabah.com)


### चितवनमा रगतको माग बढेपछि रक्तदान गर्न आह्वान

# पत्रकार महासंघको रक्तदानमा ७ महिलासहित ५२ जनाले दिए रगत

भरतपुर । चितवन जिल्लामा पछिल्लो समय रगत माग बढ्दै गएको छ। हाल यहाँ दैनिक १०० देखि १५० युनिटसम्म रगतको माग हुने गर्दछ।

क्षेत्रीय रक्तसञ्चार कार्यालय भरतपुरका प्रमुख रमेशकान्त पौडेलका अनुसार अहिले मागको आधा रगत सङ्कलन नहुँदा अभाव भएको हो। संघसंस्थाले गरेका रक्तदान कार्यक्रमहरूमा समेत रगत सङ्कलन कम हुने गरेको पाइएको छ।

रगतको अभाव भएपछि नेपाल रेडक्रश सोसाईटीले सूचना जारी गरेर रक्तदान गर्न अपिल गरेको छ। सोपश्चात संघसंस्थाहरूले रक्तदान गरिरहेको भए पनि माग थेग्न सकेको छैन।

यसैबीच नेपाल पत्रकार महासंघको ७१औँ स्थापना दिवसको अवसर पारेर रक्तदान कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रममा सात महिलासहित ५२ जनाले रक्तदान गरे। तीमध्ये ११ जनाले पहिलो पटक रक्तदान गरेका हुन्।



चितवनमा क्रियाशिल पत्रकार, नेपाल प्रहरीका सुरक्षाकर्मी लगायतले रक्तदान गरेको नेपाल पत्रकार महासंघ चितवन शाखाका अध्यक्ष बसन्त पराजुलीले बताए। रक्तदातालाई प्रमाणपत्र प्रदान गरिएको छ। रक्तदान कार्यक्रमलाई ब्लड डोनर्स सोसाइटी नेपालले सहयोग गरेको थियो।

अध्यक्ष पराजुलीले लोकतन्त्रलाई अझ बलियो बनाउन पत्रकारहरु पनि लडिरहेको बताउँदै रक्तदानमा सहभागी भई मानवीय कार्यलाई प्रोत्साहन गर्न खोजिएको बताए। पत्रकारिता गर्दै गर्दा दिवगंत भएका

*(बाँकी ५ पेजमा)*

# निर्माण कम्पनीलाई करिब सवा करोड जरिवाना

### कालिका नगरपालिकाको प्रशासकीय भवनबाट सेवा सुरु

पदमपुर। चितवनको कालिका नगरपालिकाले आइतबारदेखि आफ्नै नवनिर्मित प्रशासकीय भवनबाट सेवा सुरूवात गरेको छ।

नगरपालिकाका प्रमुख विनोद रेग्मीका अनुसार आजदेखि नियमित काम नयाँ भवनबाट सुरू गरिएको जानकारी दिए। निर्माणको छ वर्षपछि भवन सम्पन्न भएको हो। निर्माण कम्पनीले विसं २०७६ फागुन १५ गते दुई वर्षभित्र काम सम्पन्न गर्नेगरी ठेक्का लिएको थियो। निर्धारित समयमा काम नसकिएपछि चारपटक म्याद थप गर्दै अन्तिम म्याद २०८१ कात्तिक ३० गतेसम्म पुऱ्याइएको थियो।




नगरपालिकाले म्याद थप नगरी जरिवाना लिने निर्णय कार्यपालिकाको बैठक र परिषद्‌बाट गरेको छ। नगरपालिकाले निर्माण कम्पनीसँग एक करोड १६ लाख रुपैयाँ जरिवाना गरेको छ। प्रमुख रेग्मीका अनुसार ११ करोड ५६ लाख रुपैयाँको लागतमा आधुनिक नयाँ भवन निर्माण गरिएको हो।

विसं २०७२ असोज १ गते स्थापना भएको नगरपालिकाले १० वर्षपछि आफ्नै भवनबाट सेवा सुरूवात गरेको हो। नयाँ भवन आधुनिक सुविधासम्पन्न रहेको छ। भवनमा सभाहल, नगरप्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतको सचिवालयसहित कार्यकक्ष तयार गरिएको छ। साथै आर्थिक, स्वास्थ्य, कृषि तथा पशुसेवा, सामाजिकलगायत सबै शाखाले यही भवनमार्फत सेवा प्रदान गर्नेछन्।

साबिकको जुटपानी, पदमपुर, शक्तिखोर र सिद्धि गाउँविकास समिति समायोजन गरी यस नगरपालिका बनाइएको हो। यस नगरपालिकाको जनसंख्या ५२ हजारभन्दा बढी रहेको छ। यहाँ ब्राह्मण, चेपाङ, तामाङ, थारु, क्षेत्रीलगायत विभिन्न जातजाति र समुदायको मिश्रित बसोबास छ।

नगरपालिकाले आफ्नै प्रशासनिक भवनबाट सेवा दिएसँगै नगरवासीलाई सेवा लिन र कर्मचारीलाई काम गर्न सहज भएको नगर प्रमुख रेग्मीले बताए।

# 'बखान'लाई शिवप्रसाद पौडेल स्मृति पुरस्कार प्रदान

भरतपुर। साहित्य संगम चितवनले वसन्त पराजुलीको कृति 'बखान'लाई शहीद शिवप्रसाद पौडेल स्मृति राष्ट्रिय पुरस्कार प्रदान गरेको छ। साहित्य सङ्गम चितवनका अध्यक्ष शशिकिरण रेग्मीले पराजुलीको कृति 'बखान'लाई २० हजार राशिको पुरस्कार शनिबार प्रदान गरेको बताए।

नेपाल पत्रकार महासंघ चितवन शाखाका अध्यक्षसमेत रहेका लेखक पराजुलीले प्राप्त पुरस्कारबाट लेखनमा थप ऊर्जा मिलेको बताए। बखानमा स्वर्गीय बखानसिंह गुरूङको जीवनीलाई आख्यानमा ढाल्ने प्रयास गरिएको छ। उपन्यासमा समावेश ७० प्रतिशत विषयवस्तु चितवनको




इतिहास र माटोसँग जोडिएको छ।

लेखक एवम् कम्युनिस्ट नेता अनिल शर्मा 'विरही'ले नेपाली साहित्यको बजारमा 'बखान'मार्फत एउटा ऐतिहासिक ईँटा थप्ने काम भएको बताए।

प्राडा कर्ण बानियाँले वास्तविक घटनालाई आख्यानीकरण गर्दै पत्रकारिता र साहित्यको सुन्दर सङ्गम प्रस्तुत गर्न लेखक सफल भएको बताए।

भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानका सदस्यसचिव बालकृष्ण थपलियाले चितवनबाटै देशलाई चिनाउने कृति बजारमा आउनुले चितवनको साहित्यलाई थप उर्वर बनाएको बताए। कार्यक्रममा समीक्षक एवम् लेखक उदय अधिकारी, भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानका सदस्य प्रकाश चापागाईंलगायतले पनि

*(बाँकी ५ पेजमा)*

# सिजील्यान्डमा १८डी सिनेमा सञ्चालन




भरतपुर। भरतपुर सिजील्यान्डमा १८डी सिनेमा सञ्चालनमा ल्याइएको छ। १८डी सिनेमाको संचालक संस्था फ्लाई ओभर इन्टरटेनमेन्टका अध्यक्ष राम थापाका अनुसार भरतपुरमा सञ्चालनमा ल्याइएको १८डी सिनेमा तेस्रो हो।

*(बाँकी ५ पेजमा)*





## डढेलोबाट जोगिऔं र जोगाऔं ।

❖ सुख्खायाम तथा पतझरको समयमा डढेलो लाग्न सक्छ,
❖ डढेलोले मानिस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,

डढेलोबाट जोगिन :

❖ जथाभावीरुपमा वन तथा जंगल क्षेत्रमा आगो नबालौं,
❖ सुख्खा घाँस पातजस्ता ज्वलनशील वस्तु सुरक्षित रुपमा व्यवस्थापन गरौं,
❖ चुरोट, बिंडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौं,
❖ डढेलोविरुद्ध समुदायस्तरमा सचेतना फैलाऔं,
❖ डढेलो देखिएमा तत्काल सम्बन्धित निकायमा जानकारी गराऔं, वन जोगाऔं, वातावरण संरक्षणमा योगदान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# न्यूजप्रवाह
Newsprabah weekly साप्ताहिक

प्रकाशक : बि. एण्ड बि. मिडिया नेटवर्क प्रा.लि.
प्रधान सम्पादक : बबिलाल तामाङ
सम्पादक : मेकना तामाङ
प्रधान कार्यालय : भरतपुर–१६, चितवन
फोन : ९८४५०६७४१४
इमेल : newsprabah@gmail.com
शाखा कार्यालय : गैंडाकोट, शिव अधिकारी मो. ९८४५२०५९२०
शाखा कार्यालय : मुग्लिन, रोहिणी त्रिपाठी मो. ९८४५८०६२९४
मुद्रक : बहुमुखी छापाखाना, भरतपुर–३, प्रेसमार्ग


## सम्पादकीय

### बालेन सरकारको नयाँ जिम्मेवारी

नेपालको राजनीतिक यात्रामा अहिलेको क्षणलाई ऐतिहासिक मोड भन्न सकिन्छ। भदौ २३ र २४ गतेको 'जेनजी' आन्दोलनले युवापुस्ताको आकाङ्क्षा र असन्तोषलाई स्पष्टरूपमा अभिव्यक्त गर्‍यो, जसको प्रतिफल हालै सम्पन्न निर्वाचनमा देखियो। रास्वपाको दुईतिहाइ विजय र बालेन शाहको प्रधानमन्त्री पदमा आरोहण एक व्यक्तिको सफलता होइन, प्रणालीगत परिवर्तनको सङ्केत हो। काठमाडौं महानगरपालिकामा मेयर हुँदा उनले देखाएको दृढता, परिणाममुखी कार्यशैली र परम्परागत दलहरूको अवरोधलाई पार गर्ने क्षमता अब संघीय सरकारमा कसरी रूपान्तरण हुन्छ भन्ने प्रश्न जनतामा छ। आशा र कौतुहल दुवै स्वाभाविक छन्, तर यसलाई सार्थक बनाउन नागरिक, नेता र संस्थाहरूको साझा जिम्मेवारी अपरिहार्य छ। नेपालको विगतमा सत्ताको वरिपरि घुम्ने, अवसरअनुसार रंग बदल्ने र लाभको पदमा बस्ने प्रवृत्तिले देशलाई थामिराखेको छ। पात्र बदलिए पनि शैली र लाभ उही रह्यो। यसले लाखौं युवा विदेसिन बाध्य भए। अब यो चक्र तोड्नैपर्छ।

फुटाएर शासन गर्ने पुराना शैली अन्त्य गर्ने समय आएको छ। जात, धर्म, सम्प्रदायको नाममा विभाजन गरेर निहित स्वार्थ पूरा गर्ने अवसरवादीलाई अब मौका दिनु हुँदैन। नयाँ नेपालका लागि नयाँ सोच, स्पष्ट दृष्टि र उत्तरदायी नेतृत्व अपरिहार्य छ। व्यक्ति होइन, नीति, प्रणाली र टिम सफल हुनुपर्छ भन्ने मान्यता स्थापित गर्नुपर्छ। राजनीति रोजगारीको केन्द्र होइन, सेवाको माध्यम हो भन्ने संस्कार बसाल्नैपर्छ। नियुक्ति क्षमता, इमानदारिता र परिणामका आधारमा हुनुपर्छ। अपराध र भ्रष्टाचारमा राजनीतिक संरक्षण अन्त्य गरिनुपर्छ। समावेशिता वा सामीप्यताको नाममा पटक-पटक एउटै व्यक्तिले अवसर ओगट्ने प्रवृत्ति रोक्नुपर्छ। प्रधानमन्त्रीलाई आफ्नो टिम स्वतन्त्ररूपमा चयन गर्ने अधिकार सुनिश्चित गरिनुपर्छ। लोकतन्त्रको आत्मा जनहितमा अवरोध नगर्ने हो। यदि पुराना स्वार्थ समूहहरूले अवरोध सिर्जना गर्छन् भने प्रधानमन्त्रीले सीधै जनतामा अपिल गर्न सक्नुपर्छ, र जनताले पनि आफ्ना प्रतिनिधिलाई दबाब दिन सक्नुपर्छ। विगतमा सुधारको भाषण गर्ने तर काम नगर्ने नेताहरूको इतिहास जनताले देखिसकेका छन्।

अब भाषण होइन, कामबाट मूल्याङ्कन गर्ने समय आएको छ। अनियमितताको निष्पक्ष छानबिन र आवश्यक कारबाही हुनुपर्छ। मिडिया र सञ्चार संस्थाहरूले पनि निहित स्वार्थ समूहको गोटी बन्ने प्रवृत्ति त्यागेर पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्नुपर्छ। गलत पात्रहरूको बहिष्कार आवश्यक छ, ताकि नयाँ, इमानदार र उत्तरदायी आवाजहरू स्थापित हुन सकून्। सार्वजनिक पदमा बस्दा सुविधाको दुरुपयोग नियन्त्रण गर्नुपर्छ। श्रमिक निकासी रोक्ने र स्वदेशमै रोजगारी सिर्जना गर्ने दीर्घकालीन रणनीति आवश्यक छ। आयातलाई प्रतिस्थापन गर्ने उत्पादन र निर्यातलाई प्राथमिकता दिनुपर्छ। यसले विदेसिएका श्रम, सीप र पुँजीलाई स्वदेशमै प्रयोग गर्न प्रेरित गर्नेछ। अन्ततः, नेपाल परिवर्तनको दिशामा अघि बढ्दै छ। तर, प्रश्न यही हो : हामी यो परिवर्तनलाई सफल बनाउन तयार छौं कि फेरि पुरानै खेल दोहोर्‍याउने ? सुधार अरूबाट होइन, आफैँबाट सुरू गरिनुपर्छ। कडा अनुशासन, पारदर्शिता र ठोस परिणाम नै नयाँ सरकारको आधारशिला बन्नुपर्छ। यही बाटोले मात्र बालेन सरकारलाई ऐतिहासिक मोडलाई सार्थक बनाउने अवसर दिनेछ।

# देवभूमिमा नयाँ प्रधानमन्त्रीः बालेनको उदयसँगै स्वर्णयुगको शंखनाद !



नेपाल धार्मिक र सांस्कृतिक रूपमा समृद्ध देश "देवभूमि" को देश यहाँ हजारौं मठ-मन्दिरहरूले हिन्दू धर्मको आस्था झल्काउँछन् भने गुम्बा र चैत्यहरूले बौद्ध धर्मको शान्ति र करुणाको सन्देश दिन्छन्। मुस्लिम, इशाई, बौद्ध अनि हिन्दु एक आपसमा मिलिजुली सदियौ देखि रहनुले धर्मबीचको सहअस्तित्व र सम्मान नेपालको विशेषता रहेको प्रष्ट हुन्छ। हाम्रा मठ, मन्दिर, गुम्बा र चैत्यहरूले नेपाललाई साँचो अर्थमा देवभूमि बनाएका छन्। यही पवित्र देव भूमिमा एक कृष्णरूपी नव नेतृत्वका रूपमा नव प्रधानमन्त्रीको अवतार लिएर उदाएका छन् "बालेन्द्र शाह"।

रामनवमीबाट नव प्रधानमन्त्री बालेन्द्र शाहले इतिहासमै सुनौलो युगको सुरु गरेको आभास भएको छ। १०८ बटुकहरू र १०८ भिक्षुहरूको गुञ्जायमान मन्त्र उच्चारण तथा विशाल शंखनादले देशभर नयाँ ऊर्जा, आशाका किरण, राष्ट्रिय एकता, आपसी सहिष्णुता र उन्नतिको सन्देश फैलाएको छ। आजको नव पुस्ताले अपनाएको सांस्कृतिक र आध्यात्मिक शपथ ग्रहणले नेपाललाई परम्परा र आधुनिकताको सुन्दर समन्वय गर्ने राष्ट्रको रूपमा विश्वसामु प्रस्तुत गरेको छ। तपाईंलाई लाग्न सक्छ-यो त केवल शपथ मात्र हो। तर होइन, यो एक भिन्न सुरुवात हो, चलनभन्दा फरक सोच्ने र गरेर देखाउने क्षमताको प्रतीक हो। सफल हुनेहरू फरक काम गर्दैनन्, तर काम गर्ने तरिका फरक राख्छन्।

सत्ययुगमा जसरी कृष्णको साथ पाएर पाण्डवहरुले बञ्जर भूमिलाई सुनौलो शहर इन्द्रप्रस्थमा रूपान्तरण गरे, जुन राज्य पछि अत्यन्त धनी र शक्तिशाली बन्यो। कृष्णजीले पापीहरूको सर्वनाशका निम्ति सधैं सत्यको साथ दिनुभयो, र महाभारतमा सत्यको विजय गाथा आजसम्म इतिहासमा अंकित छ, जसलाई हामीले पढ्दै आएका छौं।

कलियुगमा कृष्णको अवतारको रूपमा नेपाली जनताले "बालेन्द्र शाह" लाई हेरेका छन्। अब उनले भ्रष्ट, कुलङ्गार, पापी, हत्यारा र 'मै खाउँ, मै लाउँ' भन्ने प्रवृत्तिका व्यक्तिहरूको अन्त्य गर्नुपर्ने अपेक्षा गरिएको छ।

वर्षौंदेखि लथालिङ्ग अवस्थामा रहेको बञ्जर भूमिलाई इन्द्रप्रस्थजस्तो समृद्ध र व्यवस्थित बनाउनु आवश्यक छ। हरेक क्षेत्रमा जरा गाडेको पुरानो सोच परिवर्तन गर्नु छ। घुस, भनसुन र सोर्स-फोर्सजस्ता प्रवृत्तिलाई जरैदेखि निर्मूल गर्दै अत्याधुनिक प्रणाली स्थापना गरी हरेक अड्डा तथा निकायमा जनतालाई सहज, पारदर्शी र प्रभावकारी सेवा प्रदान गर्नुपर्ने समय आएको छ।

असत्यका पक्षधर र देशको



दुर्गति चाहने, क्रोनिक परम्परावादी सोच भएका व्यक्तिहरूले अनेकौं

**- मेघेन्द्र प्रकाश गिरी**

**विचार**

आरोप लगाए–कसैले दक्षिणको, कसैले उत्तरको त कसैले पश्चिमी प्रभावको बिल्ला भिराए उनलाई। तर "बालेन्द्र शाह" कहिल्यै झुकेनन् बरु ती सबै आरोपलाई मनन गर्दै असत्य र जर्जर परम्परागत सोचलाई चिर्दै अघि बढिरहे।

अन्ततः जनताले सत्यको साथ दिए, झुट तथा बेतुकमा उफ्रनेहरूलाई पछि पार्दै उनले प्रमाणित गरिदिए कि उनी नेपाल आमाका एक असल, इमानदार र समर्पित छोरा हुन भनेर।

म भन्छु–सत्ययुगका कृष्ण जस्तै, मेरो देश नेपाललाई रूपान्तरण गर्ने शक्ति लिएर कलियुगमा बालेन प्रधानमन्त्रीको रुपमा उनि उदाएका छन्। उनी सुशासन स्थापना गर्न सक्ने, व्यवस्थित प्रणाली निर्माण गर्न सक्ने, र जर्जर परम्परागत शृंखलालाई तोड्दै राष्ट्रको समग्र विकासको नेतृत्व गर्न सक्ने गुणले सुशोभित व्यक्तित्व हुन्।

यो भन्दा अघिका नेताहरू बखान गर्थे 'कर्णालीको पूल मैले बनाएँ, स्कूल-कलेज मैले खोले, पूर्व-पश्चिम कालोपत्रे सडक मैले बनाएँ, जहाज मैले ल्याएँ'। नाना थरी कार्यहरू देखाएर उनीहरूको उद्देश्य केवल हामीलाई छारो हाल्ने र सत्तामा बस्ने खेल मात्र थियो।

"आवश्यकता नै आविष्कारको जननी हो", यो स्वाभाविक प्रक्रिया हो। तर देशमा सुशासन कायम गर्नु, भ्रष्टाचार अन्त्य गर्नु, अन्याय-अत्याचार रोक्नु र नैतिक मूल्यहरूको विकास गर्नु आजको प्रमुख चुनौती बनेको छ। कृष्ण अवतारमा आएका बालेनलाई चुनौतीका थुप्रा छन र सारा नेपालीहरु ढुक्क छन उनीले देशमा परिवर्तन ल्याउनेमा र केहि नयाँ आभास दिनेमा।

विश्वका कुनै पनि मुलुकले एकैपटक विमान, रकेट, पानीजहाज, मोटरकार वा ठूला महल जादुको छडीले बनाएका होइनन्। सबैले यही माटो, जंगल, नदी-नाला र पहाडबाट सुरुवात गरेका हुन्। तर स्पष्ट दृष्टिकोण, कडा परिश्रम र दीर्घकालीन योजनाका कारण आज ती देशहरू अत्यन्तै अगाडि पुगेका छन्। हामि भन्दा हजार माईल आगाडि पुगी सकेका छन हामीले पनि त्यसबाट प्रेरणा लिएर आफ्नै मार्ग तय गर्न आवश्यक छ।


अबको पुस्ता कसैलाई ढोगेर, भनसुन गरेर अगाडि बढ्ने सोचमा छैन। उनीहरू कर्ममा विश्वास गर्छन्। त्यसैले बिचौलिया प्रथाको अन्त्य, नेताका मान्छे मात्र अघि बढ्ने प्रवृत्तिको अन्त्य र योग्य व्यक्तिलाई अवसर दिने संस्कृतिको सुरुवात अपरिहार्य छ।

देशका हरेक क्षेत्रमा-जस्तै यातायात, मालपोत, भन्सार, विश्वविद्यालय लगायत-क्थकतभ्क ले नै काम गर्ने व्यवस्था हुनुपर्छ। पहुँच होइन, नियम र प्रणाली बलियो हुनुपर्छ। प्रणालीभन्दा बाहिर गएर काम गर्नेलाई कडा सजायको व्यवस्था गर्नुपर्छ, जसले गर्दा भविष्यमा कसैले पनि गलत बाटो अपनाउने हिम्मत नगरोस्।

नेपालको भविष्यका लागि स्थिर र पारदर्शी शासन व्यवस्था अनिवार्य थियो जुन हामीले पाईसकेका छौ। अबको कदम सरकारले सुशासन कायम गर्नु छ, शिक्षा र रोजगारीलाई प्राथमिकता दिँदै, प्रविधि र डिजिटल विकासलाई अंगिकार गर्दै, पूर्वाधार विस्तार र युवा सहभागिता बढाउँदै नेपाललाई समृद्ध राष्ट्र बनाउने मार्ग तय गर्नु छ।

अन्ततः, यदि बालेन सरकारले लिएको दुरगामी सोच र सुधारहरू व्यवहारमा उतार्न सकियो भने नेपाल छिट्टै आत्मनिर्भर, समृद्ध र विकसित राष्ट्रको रुपमा आफूलाई स्थापित गर्दै दूरदर्शी नेतृत्वमा नेपालले स्वर्णयुगतर्फ अघि बढ्ने दृढ विश्वास गर्न सकिन्छ। उनि अघि बढ्दै छन जोस र नवीन सोचले भरिएको युवाशक्ति, नारीहरूको सक्रिय सहभागिता, र बहुमतको अभिमत लिएर देश निर्माणको दृढ अठोटका साथ उत्तरसँग सहकार्य गर्दै, दक्षिणसँग आत्मीयता बढाउँदै, पश्चिमसँग मधुर सम्बन्धका साथ नेपालको शिर संसार भरि ठाडो पार्न।


हाम्रा दाजुभाई, दिदीबहिनीलाई योग्यताका आधारमा हाम्रै देश नेपालमा काम गर्ने अवसर दिलाउनु छ। पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म विकासको मुहान फुटाउनु छ। अनुशासित, मर्यादित, खुशी र मुस्कानले भरिएको-स्वर्गजस्तै नेपाल निर्माण गर्नुछ। यो जिम्मेवारी तिम्रो काँधमा छ, बालेन-हो, यो जिम्मेवारी तिम्रो काँधमै छ।



मेकना तामाङ
प्रोप्राइटर

मो. ९८५५०८२३८८, ९८०७२०८०८१

मनछानी कृषि फर्म

भरतपुर-२१, रतनपुर, चितवन



उन्नत जातका बाख्रा, हाँस, कुखुरा, पाडा तथा पाल्तु जनावरहरु खरिद तथा बिक्री गरिन्छ।

# हनुमान मन्दिरबाट धार्मिक पर्यटन प्रवर्द्धन

नवलपुर। नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैंडाकोटस्थित शिखरखजुराव शैलीमा निर्मित हनुमान् मन्दिर परिसरमा चैत्र शुक्लपूर्णिमा एवं हनुमान् जयन्ती विशेष मेला लाग्ने भएको छ।

यस वर्षको चैत शुक्लपूर्णि यही चैत १९ गते परेको छ। शिखरखजुराव शैलीको यस मन्दिरमा रामभक्त हनुमान्लाई ५१ किलोको लड्डु अर्पण गरिने तयारी भएको छ।

हनुमान् मन्दिर समिति चक्रघाटका अध्यक्ष लीलाधर कँडेलले हनुमान् जयन्तीलाई मनाउने तयारी भइरहेको जानकारी दिए। उनका अनुसार हनुमान् जयन्तीका दिन बिहान साँझेसम्म विभिन्न धार्मिक कार्यक्रम एवं अनुष्ठान हुनेछन्। तीमध्ये १२ घण्टे अखण्ड श्रीहरिनाम सङ्कीर्तन, लक्ष्यदीप प्रज्ज्वलन, हनुमान चालीसा पाठपरायण, वैदिक विधिअनुसार श्रीहनुमत पूजन तथा विशेष सन्ध्या आरती प्रमुख आकर्षण हुनेछन्।

यस मन्दिर विसं २०४२ चैत ३० गते स्थापना भएको हो। नारायणी नदीकिनारको सालको जङ्गलमा करिब १८.५ हेक्टर क्षेत्रफलमा फैलिएको मन्दिर २०७९ साल वैशाख ३ गते पुनर्निर्माण गरीहनुमान्को मूर्तिको प्राण प्रतिष्ठा गरिएको थियो। मन्दिरका सचिव उमाकुमारी पाण्डेका अनुसार तीन तहका सरकारबाट रु ६३ लाख र विभिन्न दाताबाट करिब रु साढे दुई करोड सहयोगसहित रु तीन करोड बढी लागतमा ४२ फिट लम्बाइ, ४२ फिट चौडाइ र ६३ फिट उचाइ भएको शिखरखजुराव शैलीको मन्दिर निर्माण गरिएको हो।

सचिव पाण्डेले हाल मन्दिरमा दैनिक रूपमा नेपाली तथा भारतीय धार्मिक पर्यटक आउने गरेको जानकारी दिए। उनका अनुसार दैनिक पाँच सय बढी आन्तरिक भक्तजन तथा १२ वटासम्म गाडीमा भारतीय भक्तजन आउने गरेका छन्।

विशेषगरी शनिबार र मङ्गलबार यहाँको हनुमान मन्दिरमा दर्शन तथा पूजाआजा गर्नका लागि धार्मिक पर्यटकको भीड बढी हुने उनले उल्लेख गरे।

मन्दिरमा भक्तजनलाई बस्न सहज बनाउन चारवटा कोठा र करिब ५० क्षमताको एउटा हल निर्माण गरिएको छ। मन्दिरका सहकोषाध्यक्ष होमनाथ सापकोटाका अनुसार डबल बेडका कोठाको शुल्क प्रतिकोठा रु ५०० तोकिएको छ भने हलमा बस्नका लागि प्रतितीर्थयात्री रु १०० लिइनेछ। उनले मन्दिरको धर्मशालामा बस्ने भक्तजनले खाना आफैं पकाउनुपर्ने तर पानी तथा पकाउने ठाउँको व्यवस्था मन्दिरले उपलब्ध गराएको बताए।

साथै, मन्दिरलाई अझ व्यवस्थित बनाउँदै जिल्लाकै उत्कृष्ट धार्मिक गन्तव्य बनाउन तयारी भइरहेको पनि उनले जानकारी दिए।

सहकोषाध्यक्ष सापकोटाले चक्रघाटमा स्नान गर्दा सांसारिक मायामोहबाट मुक्ति प्राप्त हुने विश्वास रहेको उल्लेख गर्दै हरिशयनी तथा हरिबोधिनी एकादशी, माघे सङ्क्रान्ति, नयाँ वर्षलगायतका अवसरमा यहाँ भक्तजनको भीड लाग्ने गरेको बताए। गैंडाकोटको हनुमान् मन्दिर हिन्दू धर्मावलम्बीहरूको धार्मिक आस्थाको केन्द्रमात्र नभई नवलपुर जिल्लाको प्रमुख धार्मिक पर्यकीय गन्तव्य बन्दै गएको स्थानीय बताउँछन्।

मन्दिर निर्माणमा प्रयोग भएको दक्षिण भारतीय शैलीको अनौठो वास्तुकला, पूर्वपश्चिम राजमार्गमा रहेको देशकै एकमात्रै ठूलो हनुमान मन्दिर, भारतीय पर्यटकको आकर्षण तथा देशकै केन्द्रभागमा भएकाले हनुमान मन्दिरलाई जिल्लाकै धार्मिक पर्यटनको नमूना बनाउन सकिने मन्दिर समितिको विश्वास रहेको छ।

# बागमतीका सबै जिल्लालाई स्वस्थ सहर घोषणा गर्ने

चितवनमा पिपिआर खोप अभियान सञ्चालन हुने

चितवन। यही चैतको तेस्रो सातादेखि जिल्लाका सातै पालिकामा 'पिपिआर' खोप अभियान सञ्चालन गरिने भएको छ। अभियान अन्तर्गत दुई लाख ५० हजार बाख्रालाई सो खोप लगाइने लक्ष्य निर्धारण गरिएको छ। जिल्लामा अहिले तीन लाख बाख्रा पालिएको जनाइएको छ।

पशुसेवा कार्यालयका प्रमुख डा प्रभात न्यौपानेका अनुसार यो रोग 'मोरडिली' भाइरसका कारण लाग्ने गर्दछ। उनले भने, 'रोग लागेपछि ५० देखि ९० प्रतिशत बाख्रा मर्ने गर्दछन्। यो रोग लागेका बाख्रामा उच्च ज्वरो आउने, मुखमा घाउ हुने, झाडापखाला लाग्ने, नाक-आँखाबाट सिँगान बग्ने, निमोनिया भए जस्तो हुने, श्वास फेर्न गारो हुने, खान मन नलाग्ने, कमजोर हुने हुँदा छिट्टै मर्ने जस्ता लक्षण देखिन्छ।'

प्रमुख डा न्यौपानेले यो रोग सुरुमा तीन दिनदेखि पाँच दिनमा देखिन्छ र सातदेखि १० दिनभित्र बाख्रा मर्न सक्ने बताए । कार्यालयले हरेक वर्ष बाख्रामा यो रोगविरुद्धको खोप दिइँदै आएको छ। यसको रोगी बाख्राको जुत्तोबाट, रोगी बाख्राको नाकबाट निस्कने सिँगानबाट, आँखाबाट निस्कने आँशुको माध्यमबाट, रोगी बाख्राले खोक्दा र हाच्छिउँ गर्दा हावामा मिसिने मसिना कणहरुमा भएका विषाणुबाट सङ्क्रमण फैलिने हुन्छ। यसका साथै खाने पानी, दानाको डुँड र प्रयोग गरिएको सोत्तर पनि विषाणुबाट सङ्क्रमित भई सङक्रमण फैलिने हुन्छ।

व्यवसायीक रुपमा बाख्रापालन गर्ने किसानले जैविक सुरक्षाको विधि अवलम्बन गर्न उनले सुझाव दिए। यस रोगबाट बाँच्न रोगी बाख्राको शरीरबाट निस्कने आँशु, सिँगान र मलमूत्रमा यस रोगका विषाणु प्रसस्त मात्रामा रहेका हुन्छन् त्यसैले रोगको सङ्क्रमण फैलिन नदिन रोगी बाख्रालाई बथानबाट अलग्गै राख्नुपर्ने उनले बताए।

पिपिआर रोगले मरेका पशुलाई गाड्नु वा जलाउनुका साथै रोगी बाख्रासँग लसपस भएका सरसामान जलाउनु वा गाड्ने गर्नुपर्दछ। यस रोगबाट बचाउनका लागि तीन महिना उमेर पुगेका सम्पूर्ण स्वस्थ भेडा बाख्रालाई प्रत्येक दुई वर्षमा यस रोगविरुद्ध खोप लगाउनु पर्दछ।

गोठमा नयाँ बाख्रा ल्याउनुपर्ने भएमा यस रोगविरुद्ध खोप लगाएर मात्र ल्याउनुपर्दछ। तीन हप्तासम्म अलग्गै राखी पिपिआर विरुद्ध खोप लगाएर मात्र बथानमा मिसाउन उनले आग्रह गरे।

## सूचना सूचना सूचना

नेपाल सरकारको सन् २०३० सम्ममा कुकुरको टोकाईवाट मानवमा रेविज शुन्यमा झार्ने प्रतिवद्धता अनुरुप भरतपुर महानगरपालिका, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखाले महानगर भित्रका आफ्नो वरपरको तथा घरपालुवा कुकुर/विरालोहरुमा निःशुल्क रेबिज विरुद्ध खोप कार्यक्रम तपसिल सेवा केन्द्रहरुमा संचालन गरिरहेको हुँदा सम्वन्धित टोलवासी तथा सरोकारवालाहरुलाई यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।


**नि:शुल्क रेबिज खोप कार्यक्रम संचालन हुने स्थानहरू**

१. पशु सेवा केन्द्र, लंकु
२. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, मंगलपुर
३. पशु सेवा केन्द्र, शारदानगर
४. पशु सेवा केन्द्र, गुन्जानगर
५. पशु सेवा केन्द्र, मेघौली
६. पशु सेवा केन्द्र, पटिहानी
७. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, गीतानगर
८. वडा नं २९, जुगेडी

याद राखौ रेविज एक प्राण घातक रोग हो, जुन रोग देखा परेपछि मृत्यु निश्चित रहेको हुँदा यसवाट जोगिन अनिवार्य रुपमा कुकुरहरुमा नियमित खोप लगाऔं।

**भरतपुर महानगरपालिका**
कृषि तथा पशुपन्छी
व्यवसाय प्रवर्द्धन शाखा

# स्वास्थ्य/खेलकुद



## चुकन्दर खानुका यस्ता छन् फाइदाहरु

बिटरुट अर्थात् चुकन्दर स्वास्थ्यका लागि निकै फाइदाजनक मानिन्छ। यसमा धेरै मात्रामा रेसा (फाइबर), फ्लेभेनाइडस र भेटासायनिन हुन्छ।

भेटासायनिनले एलडीएल कोलेस्ट्रोलको अक्सिडेसन कम गर्न सघाउँछ र हृदयाघातको जोखिम हुन दिँदैन। सबै उमेर समूहका लागि चुकन्दर उत्तिकै फाइदाजनक मानिन्छ।

चुकन्दरमा धेरै मात्रामा भोरान नामक रसायन पाइन्छ, जुन मानिसको यौन हार्मोन निर्माणमा सहयोगी



हुन्छ। चुकन्दर खाँदा यसमा भएको नाइट्राइटस नाइट्रिक अक्साइडमा परिवर्तित हुन्छ। यी दुवै तत्त्वले धमनीलाई फराकिलो पार्न र रक्तचाप कम गर्न सघाउँछ।

चुकन्दरलाई प्राकृतिक भियाग्रासमेत भनिन्छ। साथै गर्मी मौसममा देखा पर्ने छालासम्बन्धी थुप्रै समस्यामा छालालाई कोमल बनाउन समेत यसले फाइदा पुऱ्याउँछ। शरीरमा हेमोग्लोबिनको कमी छ भने पनि यसको सेवन गर्नाले फाइदा पुऱ्याउने चिकित्सकहरू बताउँछन्।

चुकन्दर खाँदाका फाइदाहरू

- हर्मोन उत्पादनमा सहयोग पुऱ्याउँछ।
- चुकन्दरमा पाइने नाइट्रेटले रक्तसञ्चारलाई सहयोग गर्नुका साथै मस्तिष्कलाई फ्रेस बनाउँछ।
- यसमा पाइने भरपुर मात्राको आइरनले एनिमिया र डिमेन्सियाको जोखिम कम गर्छ।
- शरीरमा अक्सिजनको वृद्धि भई मस्तिष्कले राम्ररी काम गर्न सहयोग पुऱ्याउँछ।
- चुकन्दरले अल्जाईमर हुनबाट बचाउँछ।
- चुकन्दरको जुस सेवन गर्नाले कलेजो र पेट सफा हुन्छ।
- चुकन्दर खाँदा रक्तचाप नियन्त्रण हुन्छ।
- हृदयघातको जोखिमबाट बचाउँछ।
- चुकन्दरमा कुनै प्रकारको क्यालोरी हुँदैन। जसले शरीरको तौल सन्तुलन गर्न मद्दत गर्छ।
- शरीरमा रगतको कमी हुन दिँदैन।
- रक्त अल्पता हुनबाट बचाउँछ।
- गर्भवती महिलाको लागि फाइदाजनक मानिन्छ।

# लोकतन्त्रको रक्षाका लागि विचार गाउँसम्म लैजाउनुपर्ने

भरतपुर। प्रजातन्त्र र लोकतन्त्रको रक्षाका लागि विचारहरु गाउँसम्म पुऱ्याउन आवश्यक रहेको सरोकारवालाहरुले बताएका छन्।

प्रजातान्त्रिक विचार समाज चितवनको २७औँ साधारण सभा तथा ११औँ अधिवेशनको अवसरमा आयोजित कार्यक्रममा बोल्ने वक्ताहरुले प्रजातन्त्र र लोकतन्त्रको रक्षाका लागि दल र आमनागरिकमा यसको भाष्य के हो भनेर बुझाउन आवश्यक रहेको बताएका हुन्।

कार्यक्रममा प्रजातान्त्रिक विचार समाजका केन्द्रीय अध्यक्ष कुलचन्द्र वाग्लेले देश र जनताले प्राप्त गरेको अधिकारको रक्षा गर्ने समय आएको बताए। जनताले प्राप्त गरेको अधिकार रक्षाका लागि आफ्ना विचारहरु गाउँसम्म पुऱ्याएर जनतालाई बुझाउन आवश्यक रहेको बताए। उनले भने, 'राज्य सत्ता कहिले काँही निरंकुश बन्न सक्छ। त्यसको विषयमा आमजनतालाई बुझाउन आवश्यक छ।'

समाजका पूर्वअध्यक्ष केदारनरसिंह केसीले आमजनताले लोकतन्त्रको महसुस हुनेगरी यसको अर्थ जनतामा बुझाउन आवश्यक रहेको बताए। आमजनताको अधिकार रक्षाका लागि प्रजातान्त्रिक विचार समाजले आफ्नो सन्देश गाउँसम्म पुऱ्याउन आवश्यक रहेको उनको भनाइ थियो।

ज्ञान र विचारको पुञ्जको रुपमा समाजमा सकारात्मक भूमिका खेल्न यो समाज सक्रिय हुन आवश्यक रहेको उनको बताए।

नेपाली कांग्रेस चितवनका सभापति राजेश्वर खनाल, वीरेन्द्र बहुमुखी क्याम्पसका पूर्वप्रमुख दयाराम पौडेल, नेपाल शिक्षक संघ चितवनकी अध्यक्ष इन्दिरा मरहट्ठाले समाजमा प्रजातन्त्र र लोकतन्त्रको रक्षाका लागि आवश्यक सन्देश प्रवाह गर्न समाजको महत्त्वपूर्ण भूमिका रहने बताइन्। देशमा जब समस्या पर्छ त्यो समयमा शिक्षित वर्ग एक भएर लाग्न आवश्यक रहेको उनीहरुको भनाइ थियो।

समाजका जिल्ला अध्यक्ष सुरेशचन्द्र आचार्यको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सचिव विकास पौडेल, कोषाध्यक्ष सुनिता सडौलाले क्रमशः साङ्गठनिक र आर्थिक प्रतिवेदन पेस गरेका थिए।

# चितवनका तीन जना नेफिनको सङ्घीय समितिमा

भरतपुर। नेपाल आदिवासी जनजाति महासंघ (नेफिन)को केन्द्रीय समितिमा चितवनका तीन जना सदस्य निर्वाचित भएका छन्।

काठमाडौँमा सम्पन्न एघारौँ महाधिवेशनबाट उपाध्यक्षमा चन्द्रलाल राजभण्डारी, सचिवमा महेन्द्र दुरा र सन्तबहादुर चेपाङ निर्वाचित भएका हुन्। निर्वाचितमध्ये महेन्द्र दुरा चितवन जिल्लाका निवर्तमान अध्यक्ष हुन्।

राजभण्डारीले ३५, दुराले २४ र चेपाङले २९ मत प्राप्त गरेर विजयी भएका हुन्। सहमतिमा आउन नसकेपछि मतदान भएको थियो। जसको अध्यक्षमा भने निमा लामा ह्योल्मो निर्वाचित भएका छन्।

उनले जीवनकुमार राईलाई पराजित गरेका हुन्। यस्तै वरिष्ठ उपाध्यक्षमा भने डिलबहादुर गुरूङ निर्विरोध भएका थिए।

Babilal Tamang
: 9845067414
newsprabah.com
न्यूजप्रवाह साप्ताहिक
B.&B. MEDIA NETWORK Pvt.Ltd.
Narayangarh, Chitwan, Off.: 9827201714
Services :
Advertisement | Bill / Rasid print | Visiting card
Color Print | Wedding Card | Magzine Design
Computer Type | Pri-ink Nylon Stamp | Number Plate
All Kinds of Printings and Advertisement Purpose.
: blglan530265@gmail.com, newsprabah@gmail.com

# क्षितिज थापालाई नवौं मिस्टर हिमालयको उपाधि

भरतपुर । नवौं 'मिस्टर हिमालय' राष्ट्रिय शारीरिक सुगठन तथा स्पोर्ट्स फिजिक च्याम्पियनसिप २०८२ को उपाधि क्षितिज थापाले जितेका छन् । चितवनको भरतपुरमा भएको प्रतियोगितामा ७५ केजी तौल समूहका विजेता क्षितिजले ' च्याम्पियन अफ दी च्याम्पियन' बनेका हुन् । १०४ खेलाडीलाई पछि पार्दै उपाधिसँगै ५ लाख रुपैयाँ नगद, ट्रफी प्राप्त गरेका छन् ।

नेपाल शारीरिक सुगठन तथा फिटनेस महासंघको आयोजनामा तथा चितवन जिल्ला शारीरिक सुगठन तथा फिटनेस संघको व्यवस्थापनमा भएको दुईदिने प्रतियोगितामा १६ विधामा प्रतिस्पर्धा भएको थियो । तौल समूहतर्फ ५५ केजीमा बुटवल फिटनेस, रुपन्देहीका सुनिल आले पहिलो, किङ्स फिटनेस, बुटवलका सागर विके दोस्रो र कम्फर्ट जिम एन्ड फिटनेस सेन्टर, काठमाडौंका महेन्द्रबहादुर थापामगर तेस्रो भएका छन् ।

६० केजीमा ट्रान्क्विलिटी स्पा प्रालिका सुरेश दुवाल पहिलो, बि एन्ड एल फिटनेस, काठमाडौंका धर्मराज खापुङ दोस्रो र फिटनेस टाइम रुपन्देहीका राजेन्द्र सुनार तेस्रो भए । ६५ केजीमा भूमही जिम एन्ड फिटनेसका नवराज डुम्रे पहिलो, त्रिभुवन आर्मी क्लबका सुरज घले दोस्रो र बडी क्राफ्ट ललितपुरका परिष श्रेष्ठ तेस्रो भए ।

७० केजीमा फ्रेन्ड्स फिटनेस दाङका अनिश रसाइली पहिलो, अल्टिमेट लिफ्टिङ क्लबका आशिमसिंह थापा दोस्रो र पावर फिजिकल फिटनेस सेन्टर काठमाडौंका सुसन श्रेष्ठ तेस्रो भए । ७५ केजीमा नेपाल व्यायाम मन्दिर काठमाडौंका क्षितिज थापा पहिलो, पावर फिजिकल फिटनेस काठमाडौंका योगेन्द्र श्रेष्ठ दोस्रो र फ्री स्टाइल एन्ड जिमका दीपककुमार तिमल्सिना तेस्रो भए ।

८० केजीमा एपेक्स जिम काठमाडौंका दीपजङ्ग रोकामगर पहिलो, हम्मर फिटनेस एन्ड जिमका निर्दोष घले दोस्रो र डिभाइन फिजिकल फिटनेस सेन्टर कालिमाटीका सगेन्द्र सिंह तेस्रो भए । ८० केजीमाथि ग्यालेक्सी फिटनेस झापाका ललित धिमाल पहिलो, स्याडो फिटनेस सेन्टरका रामशरण महर्जन दोस्रो र द जिम एक्स भक्तपुरका ऋशव श्रेष्ठ तेस्रो भए ।

पुरुष एथलेटिक फिजिक १७० सेमीमुनि विधामा किङ्स फिटनेस बुटवलका रेशम राना पहिलो, जुम फिटनेसका रोहन राई दोस्रो र बुटवल फिटनेसका बिजेन्द्रमान श्रेष्ठ तेस्रो भए । १७० सेमीमाथि डिभाइन फिटनेस कालिमाटीका अनुप विक्रम विष्ट पहिलो, नयाँबजार डिभाइन फिजिकल फिटनेस सेन्टरका नम्गेल लामा दोस्रो र फिटनेस मन्त्रका सुरज डंगोल तेस्रो भए ।

पुरुष स्पोर्ट्स फिजिक १७० सेमीमुनि विधामा आइरन प्याराडाइज फिटनेस एन्ड स्पा, सिनामंगलका ज्ञानेश्वर चौधरी पहिलो, फिटनेस मन्त्र मुलपानीका अजयकुमार शाक्य दोस्रो र गोल्ड्स जिम काठमाडौंका बिजेन महर्जन तेस्रो भए । १७० सेमीमाथि विधामा एनीटाइम फिटनेसका अनिल श्रेष्ठ पहिलो, एक्टिभ ३ फिटनेस क्लबका सुमन कार्की दोस्रो र रोहन फिटनेसका बलिरामकुमार चौधरी तेस्रो भए ।

महिलातर्फ एथलेटिक फिजिकमा डिभाइन फिजिकल फिटनेस सेन्टर कालिमाटीकी उर्मिला श्रेष्ठ पहिलो, यला जिम ललितपुरके सिता खत्री दोस्रो र द जिम एक्स, भक्तपुरकी सुनु श्रेष्ठ तेस्रो भइन् । महिला मोडल फिजिकमा मन्स्टर जिम एन्ड फिटनेस हबकी बिनु जिटी पहिलो, शबाना फिटनेसकी कविता आले दोस्रो र अल्टिमेट फिटनेसकी सुजाना घिसिङ तेस्रो भइन् ।

महिला बडीबिल्डिङतर्फ डिभाइन फिजिकल फिटनेस सेन्टर कालिमाटीकी शिला ठकुरी पहिलो, भक्तपुर वेलनेसकी तारा खाँइजू दोस्रो र पावर फिजिकल फिटनेसकी रिपु घर्ती तेस्रो भइन् । तौल समूहका विजेताले ५० हजार, दोस्रोलाई २५ हजार र तेस्रोलाई १५ हजार रुपैयाँ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरे ।

उनीहरुलाई प्रमुखअतिथि प्रतिनिधिसभाका सदस्य तथा अन्तर र्ष्ट्रिय पदक विजेता रजनी श्रेष्ठ, महासंघका अध्यक्ष राजेशबाबु श्रेष्ठ, चितवन जिल्ला अध्यक्ष प्रकाश गुरूङलगायतले पुरस्कार वितरण गरे ।

# चितवन लगायत देशभर वित्तीय साक्षरता कार्यक्रम

भरतपुर । नेपाल राष्ट्र बैंकको संयोजनमा विगत वर्षहरुजस्तै यसवर्ष पनि एभरेष्ट बैंकले ग्लोबल मनी विक-२०२६ को अवसरमा देशभर सप्ताहव्यापी वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको छ ।

सो कार्यक्रमअन्तर्गत बैंकले आफ्ना सातवटै प्रदेशका शाखाहरुमार्फत विभिन्न विद्यालय तथा क्याम्पसहरुमा वित्तीय साक्षरता कार्यक्रम आयोजना गरी तीन हजार विद्यार्थीहरुमाझ वित्तीय साक्षरताको सन्देश प्रवाह गर्न सफल भएको छ । साथै, कार्यक्रममा केही विद्यार्थीहरुलाई बैंकको शाखा अवलोकन गराई बैंकले प्रदान गर्ने सेवाहरुबारे व्यावहारिक जानकारीसमेत गराइएको थियो ।

'स्मार्ट मनी टल्क्स' भन्ने नाराका साथ सञ्चालन गरिएका यी कार्यक्रमहरुमा युवाहरुलाई वित्तीय ज्ञान, सीप, मनोवृत्ति, वित्तीय समावेशीकरण, सुरक्षित डिजिटल कारोबारका साथै बैंकहरुले दिने सेवा र त्यसमा अपनाउनुपर्ने सावधानीजस्ता महत्त्वपूर्ण विषयहरुमा सचेत गराइएको थियो ।

एभरेष्ट बैंकका हालसम्म १४ लाख बढी ग्राहक रहेका छन् भने देशभर १३३ शाखा सञ्जाल, ४ एक्सटेन्सन काउन्टर, ७ प्रादेशिक कार्यालय र १६३ वटा एटिएम सञ्चालनमा छन् ।

विश्वव्यापी नेटवर्कमार्फत अत्याधुनिक मोबाइल, इन्टरनेट र एसएमएस बैंकिङ सुविधा प्रदान गर्दै आइरहेको यस बैंकले नेपाल सरकारको राजस्व सङ्कलनका लागि ३३ वटा सङ्कलन केन्द्रबाट समेत सेवा दिँदै आइरहेको छ ।

बैंकले भारतको नयाँदिल्लीलगायत अन्य मुलुकमा पनि आफ्नो प्रतिनिधि कार्यालय स्थापना गरी सेवा प्रदान गर्दै आइरहेको छ ।

# फिल्म/मनोरञ्जन

## "बाटुलो जून"को दशैंमा प्रदर्शन मिति

काठमाडौं । आगामी दशैंमा फिल्म रिलिजको चाप उच्च हुने देखिएको छ । 'छ माया छपक्कै २', '१२ गाउँ २', 'झिँगेदाउ २', 'आ बाट आमा २' र 'महाराजधिराज'ले दशैंलाई प्रदर्शन मिति तय गरिसकेको अवस्थामा अब अर्को फिल्म पनि थपिएको छ । अभिनेता अनमोल केसीको मुख्य भूमिका रहेको फिल्म 'बाटुलो जून' दशैंमा आउन लागेको हो ।

सोमबार अनमोलको जन्मदिनको अवसर पारेर निर्माण पक्षले एक पोस्टर सार्वजनिक गर्दै फूलपातीको अघिल्लो दिन अर्थात् ३० असोजलाई प्रदर्शन मिति घोषणा गरेको छ । यही मितिमा 'छ माया छपक्कै २'देखि 'झिँगेदाउ २'सम्म प्रदर्शन गर्ने तयारी भइरहेका बेला 'बाटुलो जून'ले अचानक मिति घोषणा गर्दै 'ओभरटेक' गरेपछि अब दशैंको रिलिज समीकरण बदलिन सक्ने देखिन्छ । फिल्मको सार्वजनिक पोस्टरमा अनमोल र उनको जोडी बनेर अभिनय गरेकी प्रिन्सी खतिवडालाई प्रस्तुत गरिएको छ । पूर्णिमाको जूनलाई पृष्ठभूमिमा राखिएको पोस्टरमा अनमोलले एक हातमा राँको बोकेका छन् भने अर्को हातले पर्खालमा उभिएकी प्रिन्सीको खुट्टा समाएका छन् । यसले ग्रामीण प्रेमकथामा फिल्म आधारित रहेको स्पष्ट संकेत गर्छ ।




अभिनेता भुवन केसीको निर्देशनमा बनेको यस फिल्मका निर्माता जीया केसी र भविष्य खड्का हुन् । जीयाले फिल्म हेरिरहँदा दर्शकले आफूलाई ३० वर्ष पहिलेको नेपाली समाजमा पाउने दाबी गरेकी छन् । 'जीवनको कुनै न कुनै समयमा प्रेमको स्पर्श गरेका जुनसुकै वर्गका दर्शकको लागि यो फिल्म समर्पित छ । फिल्मले दर्शकलाई विगत र वर्तमानको आभाष गराउनेछ,' उनले भनिन् ।

सामिप्यराज तिमिल्सेना र सरिन पोखरेलको लेखन रहेको फिल्ममा अनमोल र प्रिन्सीसँगै भुवन केसी, नेन्सी खड्का, प्रकाश घिमिरे, रेअर राई, दीपक केसी, श्वेता मिश्र, लक्ष्मी गिरी, शारदा गिरी, लक्ष्मीनाथ तिमिल्सिना, शिशिर शिवाकोटी, अर्पणा घतानी, विविका पौडेल, कमल देवकोटा लगायतको अभिनय देख्न सकिनेछ । राजेश श्रेष्ठले फिल्मको छायाँकारमा छन् ।

## "आ बाट आमा २"मा देखिँदै आकाश

काठमाडौं । यस वर्षको सर्वाधिक कमाउने दोस्रो फिल्म 'आ बाट आमा'को अब दोस्रो भाग निर्माण हुँदैछ । आगामी बैशाखबाट छायांकन सुरु गर्न लागिएको 'आ बाट आमा २'मा यतिबेला कलाकार छनोटको काम भइरहेको छ । पहिलो श्रृंखलाकै दुई मुख्य कलाकार विपना थापा र पल शाह अनुबन्धित भइसकेको यस फिल्ममा अब अभिनेता आकाश श्रेष्ठको प्रवेश भएको छ ।



सोमबार निर्देशक चन्द्र पन्तले आकाशलाई फिल्मको मुख्यमध्ये एक भूमिकामा अनुबन्धित गरेका हुन् । उनका अनुसार फिल्मको कथा र पात्रमा सुहाउने भएपछि आकाशलाई लिइएको हो । उनको प्रवेशसँगै फिल्मको कथा पहिलो भागको भन्दा फरक ढंगले अगाडि बढ्ने देखिएको छ । यद्यपि, निर्माण पक्षले कथावस्तुबारे जानकारी गराएको छैन ।

फिल्ममा विपना, पल र आकाशबाहेक अरु कलाकार तय भएका छैनन् । फिल्मको पहिलो भागमा सिम्रन पन्त, उषा उप्रेती, साइग्रेस पोखरेल लगायतको पनि मुख्य भूमिका रहेको थियो । उनीहरूमध्ये उषा भने दोस्रो भागमा दोहोरिन सक्ने फिल्म निकट स्रोतले जनाएको छ । उनी 'आ बाट आमा'मा पलको जोडी बनेर देखिएकी थिइन् ।

आर्या इन्टरटेन्टमेन्टको ब्यानरमा निर्माण हुन लागेको फिल्मको कथा निर्देशक पन्त स्वयंले लेखेका हुन् । उनी आफैं निर्माता रहेको फिल्मलाई आगामी दशैंमा प्रदर्शन गर्ने लक्ष्य राखिएको छ । 'आ बाट आमा'ले घरेलु बक्स अफिसमा १३ करोडमाथिको व्यापार गरेकाले अब यसको दोस्रो भागले त्यो आँकडालाई उछिन्न सक्छ वा सक्दैन भन्ने चासोमा दर्शकमा देखिएको छ । -फिल्मीखबरबाट ।






# एमालेले बुझायो प्रजिअलाई ज्ञापनपत्र

भरतपुर। नेकपा (एमाले) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको रिहाइको माग गर्दै आइतबार एमाले चितवनले जिल्लाका प्रशासन कार्यलयमा ज्ञापनपत्र बुझाएको छ। एमालेले पार्टी अध्यक्ष ओलीलाई तत्काल रिहाइको माग गर्दै आइतबार ७७ वटै जिल्ला प्रशासन कार्यलयमा प्रमुख जिल्ला अधिकारीसमक्ष ज्ञापनपत्र बुझाएको थियो।

शान्तिपूर्ण ऱ्यालीको आयोजना गरेको एमाले चितवनले जिल्ला प्रशासन कार्यालय पुगेर ज्ञापनपत्र बुझाएको हो। चितवन जिल्ला अध्यक्ष कमल पाठकले सरकारले एमाले अध्यक्ष केपी शर्मा ओलीविरुद्ध प्रतिशोध साँधेको बताए। उनले भने, 'विनासर्त अध्यक्ष ओलीलाई रिहा नगरे थप आन्दोलनका कार्यक्रम ल्याउनेछौं।' चितवनका प्रमुख जिल्ला अधिकारी गणेश अर्याललाई नेकपा एमाले चितवनका अध्यक्ष कमल पाठकले ज्ञापनपत्र बुझाएका थिए ।

एमाले चितवन जिल्ला कमिटीले पूर्वप्रधानमन्त्री ओली र पूर्वगृहमन्त्री रमेश लेखकको पक्राउप्रति आपत्ति जनाउँदै तत्काल रिहाइको माग गरेको छ। कार्की आयोगको प्रतिवेदन खारेजीको माग गर्दै उच्चस्तरीय छानबिन आयोग गठन गर्न पनि एमाले चितवनले माग गरेको छ। तत्कालीन समयमा गौरीबहादुर कार्कीको अध्यक्षतामा गठन गरिएको आयोगलाई एमालेले पूर्वाग्रही भन्दै आएको छ।

जिल्ला प्रशासन कार्यालयमार्फत प्रधानमन्त्रीलाई बुझाइएको ज्ञापनपत्रमा भदौ २३ र २४ गते भएका घटनाको निष्पक्ष छानबिन माग गरिएको छ। ज्ञापनपत्रमा एउटै घटनामा राजनीतिक नेतृत्वलाई कारबाहीको सिफारिस गर्ने तर सुरक्षा निकायको भूमिकाबारे मौन रहने कार्य 'विधिको शासन विपरित' भएको उल्लेख गरिएको छ।

एमाले चितवनले सर्वोच्च अदालतका बहालवाला न्यायाधीशको नेतृत्वमा नयाँ उच्चस्तरीय छानबिन आयोग गठन गर्न माग गरेका छ। एमाले चितवनले निकालेको ऱ्यालीले भरतपुर नगर परिक्रमा गरेको थियो।

# निकुञ्जभित्र निर्माण गरियो नयाँ कृत्रिम पोखरी

भरतपुर। नेपालकै पहिलो निकुञ्ज हो चितवन राष्ट्रिय निकुञ्ज। विसं २०३० असोज ४ गते स्थापना भएको यो निकुञ्ज बाघ, हात्ती, गैंडालगायत वन्यजन्तुको महत्त्वपूर्ण बासस्थान हो। मानवलाई जस्तै वन्यजन्तुलाई बाच्नका लागि पनि आहार र पानीको आवश्यकता पर्छ। पछिल्लो समय घाँसे मैदान, सिमसार क्षेत्र मासिदै गएपछि वन्यजन्तु संरक्षणमा चुनौती थपिदै गइरहेको छ। यही समस्यालाई ध्यानमा राखेर घाँसे मैदान र सिमसार क्षेत्रको व्यवस्थापनमा निकुञ्ज लागि परेको छ।

यो आर्थिक वर्षमा चितवन राष्ट्रिय निकुञ्जले सुखीभार पोस्टनजिकै कृत्रिम पोखरी निर्माण गरेको छ। सुख्खायाममा पानीको अभावलाई पूर्ति गर्न ९७ मिटर लम्बाइ र २५ मिटर चौडाइको सोलारसहितको पोखरी निर्माण गरिएको छ। 'कृत्रिम पोखरी नजिकै एक सय मिटर पर वर्षभरि बग्ने खोल्सोबाट सोलार बोरिङ जडान गरिएको छ, घाम लागेको बेला सोलारबाट पम्पिङ भएर पानी पोखरीमा आइपुग्छ', चितवन राष्ट्रिय निकुञ्जका संरक्षण अधिकृत प्रवीन पौडेलले भने, 'प्राकृतिक स्रोतबाट मात्रै सम्भव नभएपछि सुख्खायाममा पानीको अभावलाई पूर्ति गर्न यस्तो किसिमको मानव निर्मित पानी पोखरी निर्माण गरिएको हो।'

चालु आर्थिक वर्षमा कृत्रिम पोखरी निर्माण गरिएको यो पहिलो पोखरी हो। निकुञ्जले तराई भू-परिधि कार्यक्रमको सहकार्यमा करिव ९ लाख रुपैयाँमा यो पोखरी निर्माण गरेको हो। दुई महिना अघिबाट मात्र सञ्चालनमा आएको यो पोखरीको वन्यजन्तुले प्रयोग गर्न थालिसकेका छन्। यस्तो खालको पोखरी निकुञ्जको मुख्यालय कसरानजिकै पनि निर्माण गरिएको छ।

त्यसअघि भिम्ले पोस्टनजिकै पनि सोलारसहितको पोखरी निर्माण गरिएको थियो। केही कृत्रिम पोखरी निर्माण गरिए पनि निकुञ्जभित्र रहेका तालतलैयाको संरक्षणमा भने निकुञ्जले कठिनाइँ भोग्दै आइरहेको छ। ताल संरक्षणका लागि आवश्यक बजेट नहुँदा नन्द भाउजु, देवी काललगायतका सिमसार क्षेत्र अहिले सङ्कटमा छ।

वन्यजन्तुको संख्या बढाउन व्यवस्थित बासस्थानको निकै महत्त्व हुन्छ। घाँसे मैदान र सिमसार क्षेत्र राम्रो नहुँदा वन्यजन्तु व्यवस्थापनमा कठिनाइँ हुन्छ। त्यसैका लागि चितवन राष्ट्रिय निकुञ्जले कृत्रिम सिमसार क्षेत्र निर्माण गर्न थालेको छ। यसवर्ष थप सिमसार क्षेत्र निर्माण गरिएको छ। तर, पुराना सिमसार क्षेत्रको संरक्षणमा भने कठिनाइँ भइरहेको छ। 'हामीसंग तालतलैया संरक्षणका लागि यसपटक सरकारी बजेट पनि भएन, दाताहरुबाट पनि आएन, बजेट नहुँदा सिमसार क्षेत्रको संरक्षणमा चुनौती थपिएको छ, आगामी वर्ष दाताहरुकै सहयोगमा सङ्कटमा परेका सिमसार क्षेत्र संरक्षणका लागि कार्यक्रम तयार पार्दैछौं', निकुञ्जका प्रमुख संरक्षण अधिकृत डा.गणेश पन्तले भने।

संरक्षणकै अभावमा लगभग लोप हुने अवस्थामा पुगेको तमोर ताल, लामी तालले अहिले पुनर्जीवन पाएको छ। पछिल्लो वर्षमा गरिएका सरसफाइले यी तालहरु जोगिएका छन्। तर, बजेट अभावका कारण विगतमा चर्चित रहेको नन्द भाउजू तालगायतका सिमसार क्षेत्र अझै सङ्कटमा छ।

## पत्रकार ...

पत्रकारहरुप्रति उनले श्रद्धाञ्जली व्यक्त गरे। पत्रकार महासंघका केन्द्रीय सदस्य नारायण अधिकारीले महासंघको स्थापनादेखि हालसम्म प्रेस एवम् अभिव्यक्ति स्वतन्त्रता र पत्रकार सुरक्षाका लागि महासंघले गर्दै आएका कामका बारेमा प्रकाश पारेका थिए।

प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले शासन प्रणालीलाई जवाफदेही बनाउनका निम्ति कलम चलाउन पत्रकारलाई शुभकामना दिए भने जिल्ला जनस्वास्थ्य कार्यालय चितवनका प्रमुख निर्मल घिमिरेले रक्तदान गर्न सक्ने रक्तदाताको समूह, रक्तदानको महत्व लगायतका विषयमा जानकारी गराएका थिए।

महासंघ जिल्ला अध्यक्ष वसन्त पराजुलीको सभापतित्वमा भएको कार्यक्रममा जनस्वास्थ्य कार्यालय चितवनका प्रमुख निर्मल घिमिरे, पत्रकार महासंघ चितवनका उपाध्यक्ष दीपेन्द्र अधिकारी, सचिव राजेश घिमिरेलगायतले महासंघको स्थापना दिवसको शुभकामनासँगै रक्तदान गर्ने सबैलाई धन्यवाद दिए।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख गोविन्द पुरी, भरतपुर अस्पताल विकास समितिका पूर्वअध्यक्ष डा भोजराज अधिकारीलगायत पत्रकारसँग आबद्ध विभिन्न संघसंगठनका केन्द्र, प्रदेश र जिल्लाका पदाधिकारी, सदस्य एवम् पत्रकारहरूको सहभागिता रहेको थियो।

## सिजील्याण्डमा ...

एक वर्षअघि काठमाडौं र पोखरामा सञ्चालनमा ल्याइसकिएको छ।

नायक प्रदीप खड्काले १८डी सिनेमाको औपचारिक रुपमा उद्घाटन गरेका हुन्। नायक खड्काले १८डी सिनेमा हेर्दा नयाँ अनुभूति भएको बताए।

उनले भने, 'कतै जंगल, हुरीबतास, हिउँसँग आफैं खेलेको अनुभव हुनेरहेछ, विशेष गरी बालबालिकाको लागि अति उपयोगी हुने लाग्यो।' सिनेमाको दृष्य विदेशको पाइन्छ। नेपालकै रोमाञ्चक ठाउँलाई प्रस्तुत गर्न सके नेपालको पर्यटन प्रवर्द्धनमा र बालबालिकामा पनि थप ज्ञान बढ्ने उनले बताए।

सिनेमा कति मिनेटसम्म हेर्ने भन्ने इच्छा आफ्नो हुन्छ। सञ्चालक ताराबाबु क्षेत्रीका अनुसार पर्यटकीय र धार्मिक स्थलको संगम रहेको चितवनमा १८डी सिनेमा नयाँ एडभेन्चर हुने बताए। उच्च प्रविधि र सिर्जनात्मक कथालाई संयोजन गरिएको उनले बताए।

१८डी सिनेमा भरतपुर सिजी ल्याण्डमार्कको दोस्रो तलामा संचालनमा ल्याइएको हो। यस मा १० देखि ३० मिनेटसम्मको रोमाञ्चक, ३६० डिग्री दृश्य प्रभाव चारैतिरबाट देखिन्छ भने चल्ने सिट, कम्पन र यथार्थ अनुभव, हावा, आवाज र वातावरणीय प्रभाव, हिमपातको वास्तविक अनुभव, पानीको छिटा र यथार्थ अनुभूति, कुनै चश्मा वा हेडसेट बिना नै प्रत्यक्ष अनुभूति, सबै उमेर समूहका लागि उपयुक्त नै यसको विशेषता रहेको छ।

१८डी सिनेमा एक पटकमा १२ जनासम्म दर्शकले हेर्न सकिन्छ। यसको टिकट मूल्य प्रतिव्यक्ति ३ सय रुपैयाँ राखिएको छ।

**न्यूज प्रवाह साप्ताहिक इ-पेपरमा**
www.newsprabah.com




## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### आकस्मिक एम्बुलेन्स सेवा

| | |
|---|---|
| रेडक्रस चितवन | ५२०१३३ |
| कावासोती | ५४०४१८ |
| परासी | ५२०१२५ |
| रत्ननगर | ५६०२०१ |
| चनौली | ९८४५०५६९३९ |
| ज्योतिनगर | ९८५५०५८४७४ |
| गीतानगर | ९८४५०६५९६३ |
| महेन्द्रचोक | ९८४५११२२८४ |
| गैंडाकोट | ५०११०० |
| पर्सा | ९८५५०५७१७२ |
| पिठुवा | ५६१२७४ |
| पटिहानी | ९८४५०४७४८७ |
| शारदानगर | ९८४५०५६६३७ |
| भण्डारा | ५५०१३३ |
| शक्तिखोर | ९८४५०५६०३३ |
| सहमति, गैंडाकोट | ९८५५०५६५५९ |
| नेपाल क्षयरोग नि. संस्था | ९७४५०६७४०० |

### अस्पताल काठमाडौं

| | |
|---|---|
| वीर अस्पताल | ४२२३८०७ |
| | ४२२१९८८ |
| शिक्षण अस्पताल | ४४१२४०४ |
| | ४४१२५०५ |
| कान्ति बाल अस्पताल | ४४१४७९८ |
| टेकु अस्पताल | ४२५३३९६ |
| | ४२५३३९५ |
| वीरेन्द्र प्रहरी अस्पताल | ४४१२४३० |
| आँखा अस्पताल | ४२६०८१३ |
| | ५५२२२६६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| | ५५२१६१२ |

### अस्पताल चितवन

| | |
|---|---|
| भरतपुर अस्पताल | ५२०१११ |
| क्यान्सर अस्पताल | ५२४५०१ |
| आँखा अस्पताल | ५२०३३३ |
| कलेज अफ मेडिकल साइन्सेस | ५२४२०३ |
| नारायणी सामुदायिक अस्पताल | ५२५५१७ |
| ब्लड बैंक भरतपुर | ५२०८८० |

### प्रहरी प्रशासन

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ५२०१५५ |
| जिल्ला प्रशासन कार्यालय | ५२०१०५ |
| सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय | ५२०५४४ |
| वडा प्रहरी कार्यालय, पुल्चोक | ५७११४६ |
| जिल्ला ट्राफिक कार्यालय | ५२४८९९ |
| इलाका प्रहरी कार्यालय, गैंडाकोट | ५०११९९ |
| विद्युत प्राधिकरण, भरतपुर | ५२०१६६ |
| भरतपुर महानगर | ५२१४६७ |
| रामग्राम नगरपालिका | ५२०१९३ |
| रत्ननगर नगरपालिका | ५६०३४३ |

### पत्रपत्रिका/सञ्चार

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ, चितवन | ५३२६५० |
| नेपाल पत्रकार महासंघ नवलपरासी | ५२०४७९ |
| रेडियो साइनो एफ.एम. | ९८४४१३४३०० |
| सिनर्जी एफ.एम. | ५२६९१६ |
| कालिका एफ.एम. | ५२७१५८ |
| विजय एफ.एम. | ५०१४०४ |
| हाम्रो एफ.एम. | ५३२९९६ |
| कान्तिपुर दैनिक | ५३१३०० |
| चितवन पोष्ट दैनिक | ५९५६२१ |
| अन्नपूर्ण पोष्ट | ५२४५९८ |
| कायाकैरन दैनिक | ५३३१६६ |

**पत्रिका मागेर हैन किनेर पढने बानी बसालौं।**

न्यूजप्रवाह Newsprabah weekly साप्ताहिक

## साप्ताहिक राशीफल

- ज्यो.प. नारायणप्रसाद ढुलाल
मो. ९८४९५५९५०२

**मेष** — यो सातामा शुभकार्यको चर्चा चल्नेछ। नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ। मनमा उत्साहका साथै बोली बिक्ने समय छ। नसोचेको ठाउँबाट धनागम हुनेछ। आफन्त र साथीभाइबाट सहयोग तथा हौसला प्राप्त हुनेछ, तर स्वास्थ्य प्रति चैं सावधानी अपनाउनुपर्छ।

**वृष** — यो सप्ताह धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन्। सामाजिक तथा धार्मिक कार्यमा रुचि बढनेछ। प्रेममा मधुरता छाउला। आँटेको र ताकेको कार्य पुरा होला। साताको उत्तरार्धबाट आर्थिक कारोबारमा मन्दी आउनेछ।

**मिथुन** — यो साता लाभहानी, आयव्यय, सुखदुःख बराबरी खालको समय रहेको छ। रोकिएको काम दोहोर्याएर प्रयत्न गर्दा सफलता मिल्नेछ। साताको अन्त्यमा व्यस्तता बढनुका साथै स्वास्थ्यप्रति सजगता अपनाउनु होला।

**कर्कट** — यो साता शुभ कार्यको योजना बन्नेछ। धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ। बन्धु बान्धवबाट सहयोग मिल्नेछ। सेयरको कारोबारमा फाइदा पनि बढन सक्छ। साताको अन्त्यमा अनावश्यक ठाउँमा धन खर्च होला।

**सिंह** — यो साता स्वास्थ्यमा समस्या हुनसक्छ, त्यसैले सङ्क्रमणबाट आफू पनि बच्ने र अरूलाई पनि बचाउन सहयोग गर्नु होला। महत्तवपूर्ण कार्यमा व्यवधान आइपर्ला, तर आत्मबल बढाएर काम गरेमा असफल भइँदैन। बुधवारबाट साथी भाइको भेटघाटले मन प्रसन्न रहला।

**कन्या** — यो साता विपरित वर्गबाट विशेष सहयोग मिल्ने र शुभ कार्यको योजना बन्नेछ। सामाजिक तथा धार्मिक कार्यमा रुचि बढनेछ। नजिकको मित्रसँग भेटघाट हुनेछ। सांगीतिक क्षेत्रमा रुचि बढनेछ। साताको मध्यमा सरकारी निकायको भय रहला।

**तुला** — यो साता कुनै कुराले मनमा शान्ति छाउनेछ। रोकिएका कामहरू पुनः सुरु हुन सक्छन्। विज्ञान र प्राविधिक कार्य अघि बढनेछ। मान प्रतिष्ठामा वृद्धि होला। प्रेम जीवन सबल र सफल हुनुका साथै आम्दानीका नयाँ स्रोत बढनेछन्।

**वृश्चिक** — यो सप्ताहमा सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। दैनिक कार्य र पढाइमा प्रगति नै हुनेछ। रमणीय र सुखद यात्राको योग छ। राजनीतिक कार्यमा सफलता मिल्नेछ। नयाँ कार्यको अवसर मिल्नेछ। व्यवसायको सन्दर्भमा आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ।

**धनु** — यो साताको सुरुका दिनमा दबाब र तनाव बढेको महसुस हुनेछ र केही अप्ठयारा परिस्थितिको सामना गर्नुपर्ला। मन भावुक र उत्ताउलो बन्नेछ, सचेत रहनु होला। मङ्गलवारबाट शुभकार्यको चर्चा चल्नेछ।

**मकर** — यो साता धार्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ। स्वास्थ्य साबर र शिक्षामा सफलता मिल्नेछ। सामाजिक कार्यमा रुचि बढनेछ। धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन्। मनोरञ्जनमा सहभागिता भइएला।

**कुम्भ** — यो साता धार्मिक, सामाजिक र अरुको हित हुने काममा समय व्यतीत हुनसक्छ। व्यावसायिक काममा राम्रै फडको मार्न सकिनेछ। एउटै कामबाट दोहोरो लाभ मिल्नेछ। पारिवारिक जमघट र विशिष्ट व्यक्तिको सहयोग पाइनेछ।

**मिन** — यो साता सामाजिक कार्यमा रुचि जाग्नुका साथै यात्राको योग पनि देखिन्छ। धार्मिक तथा समाजसेवामा मन लाग्नेछ। पुँजी बजारमा लगानीको अवसर आउनाले मन प्रसन्न रहनेछ र पछि फाइदा हुनेछ। साताको मध्यमा मानसिक चिन्ता बढनेछ।

# ११८ जना कैदीबन्दी बिरामी

भरतपुर। चितवनको कारागार कार्यालय चितवन बिरामी कैदीबन्दीको पहिलो रोजाइमा पर्दै आएको छ। यहाँ रहेका क्यान्सर अस्पताल, भरतपुर अस्पताल र दुईवटा ठूला मेडिकल कलेजमा सहज रूपमा उपचार पाउने भएपछि उपचारका लागि कैदीबन्दीको रोजाइमा यस कारागार पर्ने गरेको हो।

क्यान्सर रोग लागेका कैदीबन्दीको उपचारका लागि मुख्य रूपमा चितवन रोजाइ हुने गरेको भए पनि अहिले अन्य रोगका बिरामीको समेत रोजाइमा यस कार्यालय पर्ने गरेको हो। कार्यालयका प्रमुख रवीन्द्रप्रसाद ढुङ्गानाका अनुसार केही दिनअघिमात्रै केन्द्रीय कारागार नुवाकोटबाट तीन जना बिरामीलाई उपचारका लागि यहाँ पठाइएको छ। देशका विभिन्न जिल्लामा रहेका बिरामी कैदीबन्दी उपचारका लागि पहिलो रोजाइ काठमाडौँ र यसपछि चितवन हुने गरेको छ।

चितवन मध्यभागमा पर्ने भएकाले पनि यातायातको सहज सुविधा हुँदा बिरामीका आफन्तलाई समेत सहज हुने भएकाले यहाँ आउने गरेका हुन्। उनका अनुसार हाल कारागारमा ११८ जना बिरामी कैदीबन्दी छन्।




उनीहरूलाई विभिन्न प्रकारका रोग लागेको छ। उच्च रक्तचापका ५४ बिरामी छन्। यस्तै मधुमेहका ३०, मानसिक रोगी १२, हेपाटाइटिस बी भएका पाँच, मुटुरोग, क्षयरोग, क्यान्सर, एचआइभी एड्स, छारेरोग लागेका तीन-तीन र थाइराइडका दुई जना बिरामी रहेका छन्।

उनले नियमित औषधि सेवन गर्नुपर्ने बिरामीका लागि औषधि खरिद गर्न पनि समस्या हुने गरेको बताए। यस आर्थिक वर्षमा यस कार्यालयलाई औषधोपचार खर्चबापत रु १२ लाख विनियोजन भएको थियो। सरकारले विनियोजन गरेको औषधिको रकम अपुग भएर जनस्वास्थ्य कार्यालय, भरतपुर महानगरको स्वास्थ्य शाखा, औषधि व्यवसायीसँग सहकार्यमा औषधि व्यवस्थापन गर्दै आएको उनले जानकारी दिए।

यस कारागारमा ४१ महिलासहित ६७९ जना कैदीबन्दी रहेका छन्। एक जना आश्रित बालक रहेको उनले बताए। अहिले अस्पतालमा भर्ना भएर दुई जना कैदीबन्दीले उपचार गराइरहेका छन्। यस कारागारको क्षमता ५०५ जनाको हो। यसमा ३० महिला र ४६५ पुरुष रहेको उनले बताए। जेनजी आन्दोलनका क्रममा भागेका ११० कैदीबन्दी अझै फर्कन बाँकी छ।

# चैते दसैँ लक्षित सौराहामा फुड फेस्टिबल सम्पन्न

रत्ननगर। सौराहामा आयोजित सौराहा फुड फेस्टिबल सम्पन्न भएको छ। तीन दिनसम्म सञ्चालन भएको फेस्टिबलका कारण सौराहामा आन्तरिक पर्यटक बढेका छन्। सौराहा घुम्न आएका विदेशी पर्यटकहरुले पनि फेस्टिबल अवलोकन गरेका छन्। चैते दसैँको अवसर पारेर रेवान सौराहाले फेस्टिबल आयोजना गरेको हो। स्वदेशी तथा विदेशी पर्यटकहरुले फेस्टिबलमा राखिएका विभिन्न जातजातिका परम्परागत खानाको स्वाद लिएका छन्।

तीन दिनको अवधिमा सौराहामा १२ हजार पर्यटक भित्रिएको रेवान सौराहाका अध्यक्ष शम्भुप्रसाद मालीले बताए। 'निर्वाचनको आचारसंहिताका कारण प्रणय दिवसमा फेस्टिबल गर्न सकेनौँ', उनले भने, 'चैते दसैँको अवसरमा गरिएको फेस्टिबलमा पनि पर्यटकको संख्या उत्साहजनक थियो।' परिवारसहित सौराहा घुम्न आएका स्वदेशी तथा गन्तव्य अवलोकन गर्न आएका विदेशी पर्यटक फेस्टिबलमा रमाएको उनको भनाइ छ।

१९औँ संस्करणसम्म एउटा निश्चित ठाउँमा गरिँदै आएको फेस्टिबल यसपटक स्वरुप परिवर्तन गरी सडकमा गरिएको कार्यक्रम संयोजक कृष्णप्रसाद खतिवडाले बताए।

२०औँ संस्करणको यसपटकको फेस्टिबल सौराहाको मुख्य बजार गैँडाचोकबाट पूर्वतर्फको सडकमा गरिएको हो। फेस्टिबल अपेक्षाकृतरुपमै सफल भएको र यसले सौराहाको पर्यटनमा दीर्घकालीन प्रभाव पर्ने उनको भनाइ छ।

फेस्टिबलमा चर्चित कलाकार कला लम्साल, विन्दु परियार, आशिष अविरल, विभिन्न ब्यान्ड तथा रत्ननगर कला मन्दिरका कलाकारहरुले प्रस्तुति दिएको रेवानका महासचिव नवीन नेपालले जानकारी दिए।

फेस्टिबल अवलोकन गर्न आएका पर्यटकहरुले नेवारी र थारु खानाका परिकार मन पराएको आफूहरुले पाएको कार्यक्रम सहसंयोजक पुरूषोत्तम लामिछानेले बताए। नेवारी खानाका परिकारहरु योमरी, रोटीसहित मासुका परिकार र थारु खानामा चिचर, घोँगीलगायतका परिकारलाई पर्यटकले रूचाएको उनको भनाइ छ।

सौराहा सफारी पर्यटनको हिसाबले विश्वमै परिचित मुलुकको तेस्रो पर्यटकीय गन्तव्य हो। यहाँ पर्यटक भित्र्याउन क्षेत्रीय होटल संघ चितवनले हरेक वर्ष चितवन हात्ती तथा पर्यटन महोत्सव र रेवान सौराहाले फुड फेस्टिबल गर्दै आएका छन्। चितवनमा वार्षिक ३ लाख ५० हजार पर्यटक आउने गरेका छन्। जिल्लामा भित्रिएका ८० प्रतिशत पर्यटक सौराहा आउँछन्। सौराहा आएका ७० प्रतिशत पर्यटकले निकुञ्ज प्रवेश गरेर सफारी गर्छन्।

नेचर गाइड एसोसिएसनका अध्यक्ष राजेन्द्र धामीले पर्यटन प्रवर्द्धनका हिसाबले सौराहा फुड फेस्टिबल सफल भएको बताए। 'तीन दिनको अवधिमा सौराहामा स्वदेशी तथा विदेशी पर्यटकको राम्रै चहलपहल थियो', उनले भने, 'ह्वात्तै पर्यटक बढ्नुका कारण फेस्टिबल नै हो।' बास बस्ने पर्यटकको संख्यासमेत उत्तिकै रहेको उनको भनाइ छ।

## डिभिजन वन कार्यालय, चितवनको अनुरोध

- गर्मीयामको सुख्खा मौसममा वन जंगलमा डढेलो लाग्ने संभावना भएकोले यसवाट जनधन, वन, वन्यजन्तु तथा जैविक विविधताको ठुलो क्षति हुन सक्दछ। त्यसैले वन डढेलोवाट बच्न निम्न तरीकाहरु अपनाऔं।
- बस्ती तथा वन जंगलको छेउछाउमा आगो नवालौं।
- चुरोट विंडी खाएर आगो सहितको ठुटा जहाँतहीं नफलौं।
- सामुदायिक वन, कबुलियती वन उपभोक्ता समुहहरुले वनमा भएका पातपतिङ्गर तथा सोत्तरसफा गरी अग्नीरेखा निर्माण गरौं
- वन भोज जाँदा सकेसम्म वन जंगल बाहिर जाने गरौं। वनभोज सकिए पछि आगो राम्ररी निभाऔं।
- नजिकको वन क्षेत्रमा आगलागी भएमा उपभोक्ता, वन कर्मचारी एवं प्रहरी प्रशासनको सहयोगमा निभाऔं।
- वनमा आगो लगाउनु दण्डनिय अपराध हो। डढेलो लगाउने व्यक्तिलाई पहिचान गरौं र कानुनी कारवाही गराऔं।
- सकेसम्म वनमा डढेलो लाग्न नदिऔं, लागी हालेमा सवै मिली तुरुन्त निभाऔं, आफु बच्न वनलाई बचाऔं।
- कोही कसैले जानी जानी राष्ट्रिय वनमा आगो लगाउने अपराध गरे गराएमा बिगो (नोक्सान भएको रुख विरुवाको मुल्य) असुल गरी रु.६००००।- सम्म जरिवाना वा तीन वर्ष सम्म कैद वा दुवै सजाय हुनेछ।

खवरका लागि प्रहरीको फोन नं. १००
डिभिजन वन कार्यालय चितवनको ९८५५०९२२२२
९८५५०५७२१५

**डिभिजन वन कार्यालय, चितवन**


# बि. एण्ड बि. मिडिया नेटवर्क प्रा. लि.

भरतपुर, चितवन, मो. ९८४५०६७४१४

**हाम्रा सेवाहरु :**

नम्बर प्लेट | कलर प्रिन्ट | भिजिटिङ्ग कार्ड
बिल/रसिद | विवाह कार्ड | नाईलन छाप
कम्प्युटर टाईपिङ | बुक सेटिङ्ग/छपाई | म्यागजिन डिजाईन

यहाँ नम्बर प्लेट बनाइन्छ।
पत्रपत्रिकामा विज्ञापन तथा छपाईसम्बन्धी सम्पूर्ण कामका लागि ...।


**भरतपुर महानगरपालिका**
**नगर कार्यपालिका कार्यालय**
**भरतपुर, चितवन**

## सूचना ! सूचना !! सूचना !!!

भरतपुर महानगरपालिकालाई देशकै सुन्दर, समृद्ध र सुसंस्कृत सहर बनाउने जिम्मेवारी तथा दायित्व तपाई हामी सबै सरकारी तथा गैह्र सरकारी संघ/संस्थाहरु, नागरिक समाज एवं हामीसबै महानगरवासीको हो। महानगरपालिकाले भौतिक विकासका साथसाथै महानगरपालिकालाई हरियाली, बातावरण अनुकुलीत महानगर बनाउनको लागि विगत वर्षदेखि हरियाली एवं वृहत्तर सरसफाई कार्यलाई समुदायस्तरबाट अभियानको रुपमा सुरुवात गरी निरन्तरता दिइआएको छ। यस महानगरपालिका अन्तर्गत सिर्जित सबै किसिमका फोहोरमैलालाई महानगरपालिकाबाट तोकिएको समयमा जनताका घर, घरबाट नै संकलन तथा उचित व्यवस्थापन हुँदै आएको छ।

यद्यपी सार्वजनिक स्थलहरुमा फोहोर फाल्ने, सडकका दायाँ बायाँ रोपिएका विरुवाहरु उखल्ने, सुर्तिजन्य तथा खाद्य पदार्थहरुको खोलहरु यत्रतत्र फाल्ने, लुकिछिपी घरबाट निस्कने फोहोरमैलाहरु आफ्नो घरआँगन भित्र नराखी सडक किनारमा फाल्ने, सार्वजनिक स्थलमा निर्माण सामाग्रीहरु थुपार्ने, सार्वजनिक संस्थाहरुबाट समेत निर्माण कार्यसम्पन्न पश्चात पनि विद्युतका पोलहरु, दुरसञ्चार तथा इन्टरनेट केवल तारजन्य सामाग्रीहरु सडकपेटीमा राखे प्रवृत्ति देखिएकोले उक्त कार्यहरु नगर्नु नगराउनु हुन यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ। अब उप्रान्त अनुगमनका क्रममा माथि उल्लेखित गतिविधि देखिएमा फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३८ मा उल्लेख भएअनुसारको कसुर मानी दफा ३९ बमोजिम रु. ५ हजार देखि रु. १ लाखसम्मको जरिवाना र सजायका साथै भरतपुर महानगरपालिकाको आर्थिक ऐन,२०८१ बमोजिम जरिवानासमेत स्थलगत रुपमा यस कार्यालयबाट खटिएका नगर प्रहरी लगायतका कर्मचारी मार्फत असुलउपर गरी प्रचलित ऐन, कानून बमोजिम आवश्यक कारवाही गरिने व्यहोरा संम्बन्धित सबैका लागि जानकारी गराइएको छ।

**भरतपुर महानगरपालिका**
**वातावरण तथा विपद व्यवस्थापन महाशाखा**


फोन : ९८४६४७५३४१
९८४६८५२९१५

# गोरखा फेन्सी

भरतपुर-११, बसेनी



हामीकहाँ आदिवासी जनजातिका भेषभुषा तथा महिलाका तयारी पोशाकहरु सुपथ मूल्यमा पाइन्छ।



# "तपाईको सेवामा, आजै कल गर्नुहोस्"





- चितवन तथा तराईको उच्च गुणस्तरको ईट्टा हरु नेपालको जुनसुकै ठाउँमा चाहिएमा।
- गिट्टी, ढुंगा, बालुवा चितवन र नवलपुरको सबै स्थानमा होम डेलिभरिको व्यवस्था।
- चितवन र नवलपुरको जुनसुकै स्थानमा घर तथा घडेरी अति आकर्षक र सस्तो मूल्यमा।

सम्पर्क : ९८२७२०१७१४